नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ अंक २२४ २०७७ साल असार १५ गते सोमबार (29 June 2020 Monday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नावालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : चट्याङ : बढी क्षति, तर ... ३ पृष्ठमा : नक्शा जारी गर्दा सरकार... ३ पृष्ठमा : भारतमा मृत्युदर तीन ...

## पार्कमा हरियाली प्रवर्द्धन र सौन्दर्यकरणका लागि बृक्षारोपण




**दैनिक समाचारदाता**
**राजविराज, १४ असार ।**

जिल्ला वन डिभिजन कार्यालयले राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस हाताभित्र २५ लाख रुँपैयाको लागतमा निर्माण गर्न लागिएको पार्कमा सौन्दर्यकरण तथा हरियाली प्रवर्द्धनका लागि विभिन्न प्रजातीको सयौं बिरुवा रोपेको छ ।

राष्ट्रिय बृक्षारोपन दिवसको अवसर पारेर आइतबार वन कार्यालयले निर्माणाधिन अवस्थामा रहेको पार्कमा विभिन्न प्रजातीका २ सय ९० बिरुवा रोपिएको हो ।

क्याम्पस प्रशासनले परिसरभित्र नि:शुल्क जग्गा उपलब्ध गराएपछि डिभिजन वन कार्यालयको २५ लाखको लगानीमा हरियाली प्रवर्द्धन र सौन्दर्यकरणका लागि सुरु गरेको पार्क निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

सो पार्कभित्र राष्ट्रिय बृक्षारोपन दिवसको अवसर पारेर कल्की, कपुर, समी, बाइलोबा, हिभसक्ष, असारे फुल, कल्की फुल, तेजपत्ता लगायत विभिन्न जातका धार्मिक महत्व र सौन्दर्यपरक २ सय ९० बिरुवा रोपिएको डिभिजन वन कार्यालय सप्तरीका प्रमुख सन्तोष झाले जानकारी दिए ।

बृक्षारोपन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी शंकर आचार्य, भिमदल गणका प्रमुख सेनानी

*बाँकी अन्तिम पृष्ठमा*

## सप्तकोशी नदीमा पानीको उच्च बहाव

**दैनिक समाचारदाता**
**राजविराज, १४ असार ।**

विगत एक हप्तादेखीको निरन्तर वर्षाका कारण सप्तकोशी नदीमा पानीको बहाव बढ्न सुरु भएको छ ।

सप्तकोशी नदीमा आइतबार दिउँसोसम्म पानीको बहाव १ लाख ४६ हजार ९ सय ४० क्वीसेक प्रतिसेकेन्ड रेकर्ड भएको कोशी ब्यारेज कन्ट्रोलन रुमले जनाएको छ ।

पानीको वहाव बढेसँगै कोशी ब्यारेजका ५६ ढोका मध्ये २२ वटा ढोका खुल्ला गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक तिलक भारतीले जानकारी दिएका छन् ।



अहिलेसम्म सप्तकोशी नदीमा पानीको बहाव बढीरहेपनि कुनै खतरा भने नरहेको उनको भनाई छ । कोशी ब्यारेजमा पानीको बहाव १ लाख ५० हजार काट्ने बित्तिकै सर्वसाधारण र आसपासका बासिन्दालाई समेत सचेत गर्नका निम्ति भने खतराको संकेत पश्चिततर्फ रातो बत्ति बाल्ने गरिन्छ ।

## एकसय सातजना भए निको

**दैनिक समाचारदाता**
**राजविराज, १४ असार ।**

सप्तरीमा आइतबार साँझसम्ममा २ सय ८ जना कोरोना संक्रमित रहेका छन् ।

यता जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवका अनुसार सप्तरीमा कोरोनाबाट निको हुनेको संख्या १ सय ७ रहेको छ ।

यता आइतबार साँझसम्म नेपालमा कोरोना संक्रमितको संख्या १२ हजार ७ सय ७२ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यता मुलुकभरी ३ हजार १३ जना कोरोनाबाट निको भएका छन् भने २८ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

कुरीति छ जतासुकै हिमाल, पहाड, तराई आजैबाट रोकौं सबै मिलि बाल विवाहलाई ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

विद्यालयलाई शान्ति क्षेत्र बनाऔं, बन्द हडताल, राजनीतिक क्रियाकलाप, हिंसात्मक गतिविधिबाट टाढै राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

iPay remit, Western Union Money Transfer, Best Remit, Prabhu Money Transfer, City Express, IME International Money Express, IME pay, himal remit, CG Money, MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# धनजनको क्षति हुन नदिन ध्यान पुगोस्

वर्षाको सुरुवात भइसकेको छ । यसले जिल्लामा बाढी निम्त्याउने संकेत देखाएको छ । विगत एक सातादेखी परिरहेको अविरल वर्षाका कारण अहिले सप्तरीको विभिन्न स्थान बाढीको जोखीममा रहेका छन् । हरेक वर्ष जिल्लामा बाढीका कारण निकै क्षति हुने गरेको छ । यता जिल्लाका विभिन्न स्थानिय तहले बाढीको जोखीमलाई ध्यानामा राख्दै पूर्वतयारी गरेको दाबी गर्दैआएको छ । यद्दपी पालिकाको दाबीले एक हप्ता परेको वर्षाले छताछुल्ल पारिदिएको छ ।

हालको सामान्य वर्षाले जिल्ला सदरमुकाम राजविराजका विभिन्न वडाहरुलाई डुवानमा पारेको छ । वडाहरुमा नाला र ढलको निकास हुन नसक्दा वर्षाको पानी घरहरुलाई डुवानमा पारेको छ । यति मात्र नभएर राजविराजको मूल सडकहरुमा पानी जम्ने गरेको देखिन्छ अव्यवस्थित नालाहरुको कारण पानी बहाव नहुँदा सडकमै पानी जम्ने गरेको छ । यस्तै जिल्लाको खाँडो, त्रियुगा, जिता, कोशीलगायतका नदीहरुमा पानीको बहाव बढ्दै गएको छ । जुनसुकै बेला पनि ती नदीहरुको बाँध र तटबन्ध भत्किने खतरा पनि उत्तिकै छ । उचित मर्मत तथा सम्भारका कारण ती बाँध र तटबन्ध भत्किने सक्ने त्रासले स्थानियहरु त्रसित रहेका छन् ।

तसर्थ यस्तो परिस्थितीमा विपद् व्यवस्थापन समिति र स्थानिय पालिकाहरुले जनताको ज्यान धनको क्षति हुन नदिन अविलम्ब बाढीको त्रासलाई न्युनिकरण गर्नेतर्फ लाग्नु अति आवश्यकता रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# चट्याङ : बढी क्षति, तर कम तयारी

काठमाडौँ, १४ असार (रासस) ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार नेपालमा गएको बुधबार एकैदिनमा चट्याङले सात जनाको ज्यान लियो । सप्तरीमा चार, मोरङ, उदयपुर र कपिलवस्तुमा एक/एक गरी एकै दिन यति धेरै मानिसले चट्याङ लागेर ज्यान गुमाए ।

प्राप्त तथ्याङकमा नेपालमा गएको वैशाखदेखि असारको दोस्रो हप्तासम्म चट्याङबाट मात्र ४० जना नेपाली नागरिकको मृत्यु भइसकेको छ । उक्त अवधिमा १३२ घाइते भएका छन् र घाइतेमध्ये अधिकांश गम्भीर प्रकृतिका घाइते छन् । यसै अवधिमा बाढी र पहिरोबाट १७ जनाले ज्यान गुाएका थिए । यस सयममा भएको अविरल वर्षाका कारण आएको बाढी पहिरोले १६ जना घाइते भएका छन् ।

बाढी पहिरो, आगलागीजस्ता अरु प्राकृतिक विपत्तिको जस्तो चट्याङले मानिसको ज्यान लिएको समाचार खासै बाहिर आउँदैन । तर पनि मानवीय क्षतिका हिसाबले भने पहिलो नम्बरमै चट्याङ देखिन्छ । त्यस्तै बाढी, पहिरो, आगलागीजस्ता अन्य प्राकृतिक विपत्तिका क्षति रोक्नेजस्ता कार्यहरूजस्तो प्राथमिकतामा पनि चट्याङ पर्दैन । त्यसरी रोक्नसक्ने खासै भरपर्दो विधि पनि नेपालमा त्यति सिफारिश गर्ने र सरकारले लागू गर्ने गरेको पनि पाइँदैन । यसरी मुलुकको प्राथमिकतामा नपर्दा चट्याङबाट पनि धेरै नागरिकले अकालमै ज्यान गुमाउनुपरेको छ ।

गतवर्ष पनि रुपन्देही, कपिलवस्तु, झापा र मोरङमा एकैदिन चट्याङका कारण १० जनाले ज्यान गुमाएका थिए । दुई दिनको अन्तरालमा झण्डै ५०० भेडाबाख्रा पनि चट्याङले मारेको थियो । विसं २०७६ मा चट्याङका कारण मात्र देशभरमा ८९ जनाको मृत्यु भएको तथ्याङ्क छ । त्यस्तै गतवर्ष चट्याङबाट ३६० जना घाइते भएका थिए । पछिल्ला वर्षहरूमा चट्याङको प्रकोप बढेको छ र यसबाट नागरिकको ज्यान जाने र घाइते हुनेको सङ्ख्या पनि बढ्दो देखिएको छ ।

पछिल्लो १० वर्षको अभिलेखमा मानवीय क्षतिका हिसाबले बाढी पहिरो भन्दा बढी चट्याङ्ले असर गरिरहेको तथ्याङ्क छ । घाइतेको अवस्था विश्लेषण गर्दा चट्याङबाट तेब्बर बढी मानिस प्रभावित भएका छन् ।

प्राकृतिक प्रकोप भए पनि विकसित मुलुकको अभ्यास हेर्दा चट्याङको प्रकोपबाट हुने मानवीय र भौतिक क्षति केही हदसम्म रोक्ने गरिएको पनि देखिन्छ । तर मुलुकमा त्यसरी चट्याङको अवस्थाको अनुमान र क्षति रोक्ने कार्य प्राथमिकतामा नपर्दा जोखिम बढिरहेको चट्याङ्विद् डा श्रीराम शर्मा बताउनुहुन्छ । विगत १३ वर्षदेखि यस क्षेत्रमा काम गर्दै आउनुभएका डा शर्मा नेपालले चट्याङबाट हुने विपद रोक्न प्रभावकारी उपाय अवलम्बन गर्न नसकेको बताउनुहुन्छ ।

उहाँका अनुसार विसं २०६६ देखि २०७६ सम्मको अभिलेखमा चट्याङबाट ९२९ जनाको मृत्यु भएको छ । सोही अवधिमा पहिरोका कारण ९०१ जनाले ज्यान गुमाए । बाढीबाट ७५५ जनाको मृत्यु भएको छ । आगलागीबाट ६१३ को मृत्यु भएको थियो ।

सोही समयावधिमा चट्याङबाट दुई हजार ४५४ जना घाइते हुँदा बाढी र पहिरोका कारण ९०० को हाराहारीमा घाइते भएका छन् । विवरणमा मानवीय क्षति हेर्दा बाढी पहिरोभन्दा पनि चट्याङको बढी देखिन्छ । औषतमा वार्षिक १०८ ले चट्याङ्बाट ज्यान गुमाउँछन् । तर चट्याङबाट बच्ने उपाय अवलम्बन गर्न मानिसमा आवश्यक चेतना पुग्न नसकेको र सरोकारवाला निकायको समेत ध्यान पुग्न सकेको छैन ।

विश्वकै शक्तिशाली मानिएको मुलुक अमेरिकाको अभिलेखमा ८०/९० वर्ष अघि चट्याङले वार्षिक ३८० जनाको ज्यन जान्थ्यो । अहिले ३० भन्दा बढी मृत्यु हुँदैन । “त्यो उदाहरण हेरेर पनि हामी भन्न सक्छौँ, गर्न सके क्षति रोक्न सकिने रहेछ”, डा शर्माले प्रश्न गर्नुभयो, अन्य युरोपियन मुलकुमा पनि फलानो क्षेत्रमा चट्याङको सम्भावना छ भनेर अनुमान गर्ने अवस्था छ, अनुमान ९० प्रतिशत मिल्छ, हाम्रोमा प्रयोग गर्न किन नसक्ने ?

हुनत अहिले केही प्रयास शुरु भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले छुट्टै विपद् व्यवस्थापनको काम सम्हालेको छ । प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल सबैभन्दा ठूलो कुरा चेतनामुलक कार्यक्रम भएकाले चट्याङ्बाट सावधानी अपनाउने विषयलाई प्राथमिकताका साथ अघि बढाएको बताउनुहुन्छ ।

क्षतिका हिसाबले चट्याङ पहिलो नम्बरमा रहेकाले यसपटकदेखि भवन संहितामा समेत चट्याङ्लाई सम्बोधन गरिएको र बढी चट्याङ पर्ने क्षेत्रलाई केन्द्रित गरेर कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको पोखरेलले बताउनुभयो ।

जल तथा मौसम विज्ञान विभागले अहिले मुलुकका विभिन्न नौ स्थानमा चट्याङ मापक केन्द्र स्थापना गरेको छ । चट्याङ्विद् डा शर्मा त्यो सुषुप्त अवस्थामा रहेको छ भन्नुहुन्छ । त्यसलाई सदुपयोग गर्न सकिए पनि धेरै जानकारीहरू बाहिर आउने उहाँ बताउनुहुन्छ ।

विभागले जल तथा बाढीको तीन दिनसम्मको मापन गरेर विवरण दैनिक सार्वजनिक गर्दै आएको छ तर चट्याङलाई प्राथमिकता दिएको पाइँदैन । मौसमविद् गङ्गा नगरकोटी यहाँ यसरी चट्याङ पर्दैछ भनेर अघिल्लो दिन नै अनुमान गर्ने अवस्था नरहेको तर त्यस केन्द्रले एक घण्टा पछि कुन क्षेत्रमा पर्दैछ र कहाँकहाँ चट्याङ पर्‍यो भन्ने मापन गर्ने बताउनुभयो । उहाँका अनुसार ‘प्रि-मनसुन’ पछि अहिलेसम्म मुलुकको प्रदेश नं १, २ र ५ को तराई क्षेत्रमा चट्याङ परेको छ ।

“चट्याङले मानवीय क्षति मात्रै गरेको छैन, भौतिक सम्पत्तिमा समेत क्षति पुर्‍याएको छ तर पनि त्यसको लेखाजोखा भने छैन । बाढीले देखिनेगरी भौतिक सम्पत्तिमा क्षति गर्छ तर चट्याङ् गुपचुपमा क्षति पुर्‍याएर जान्छ, अनि कसैलाई चासो हुन्न”, चट्याङ्विद् डा शर्माले भन्नुभयो ।

खेतमा काम गर्दागर्दै या सुतिरहेको बेला चट्याङ लागेर मानिसले ज्यान गुमाएका छन् । जङ्गल जाँदा होस् या गोठालो अथवा घर आँगनमै बस्दा होस् चट्याङले मानवीय क्षति पुऱ्याइरहेको छ । चट्याङकै कारण आगलागी हुँदा नजानिँदो रूपमा ठूलो जनधनको क्षति भइरहेको छ । तथ्याङ्कले बाढी र पहिरोको हाराहारीमै आगलागी र चट्याङले क्षति पुऱ्याइरहेको देखाएको छ । तर क्षति न्यूनीकरणका उपाय भने शून्य नै छ ।

नेपालको भूगोलअनुसार हिमाली र पहाडीक्षेत्रमा पहिरोको जोखिम तथा सहरी क्षेत्र डुबानको जोखिममा छ । तराई क्षेत्र डुबान, कटान र बाढीको जोखिममा पर्छ । विपद्का दृष्टिले बाढी र पहिरो जत्तिकै जोखिम भए पनि आगलागी र चट्याङका विषयमा ध्यान कम पुग्छ । चट्याङ आगलागीको समेत प्रमुख कारण हो । कतै चट्याङ परेको हुन्छ र त्यसको भोल्टेज बढेर तार कमजोर भएको घरमा विद्युत सर्ट भई आगलागी हुन्छ भन्ने कुराको जानकारी धेरैलाई छैन ।

हालैमात्र नेपालसँग सीमा जोडिएको मुलुक भारतको विहार उत्तर प्रदेशमा एकैरातमा परेको चट्याङ्का कारण १०० जनाभन्दा बढीको ज्यान गएको छ । विहारमा मात्र ८३ जनाले ज्यान गुमाएको समाचार भारतीय सञ्चारमाध्यमहरूले दिएका थिए । नेपालमा पनि झापा, मकवानपुरमा बढी चट्याङ् पर्ने गर्दछ । नेपालमा चट्याङ्का कारण गतवर्ष ९२ जनाको मृत्यु भएको र ३०० जना घाइते भएको अभिलेख छ ।

**के हो चट्याङ, कसरी जोगिने ?**

चट्याङ विद्युतीय करेन्ट हो । बादल आपसमा ठोक्किएर त्यसका अणुहरूबीच घर्षण हुँदा विद्युत् उत्पन्न हुने अवस्था नै चट्याङ हो । आकासबाट जमीनमा खस्ने एक प्रकारको विद्युतीय शक्ति चट्याङ् हो । वर्षायाममा वायुमण्डलमा विपरीत दिशाबाट तीव्र गतिको वायु एकापसमा ठोक्किँदा चर्को आवाजसहित बढी भोल्टको विद्युतीय लहर बनी अचानक हुने विद्युतीय विस्फोटन चै चट्याङ् हो ।

चट्याङ पर्दा कुनै पदार्थ पृथ्वीमा खस्ने नभई ठुलो विद्युतीय तापशक्ति पृथ्वीमा आउने हुँदा जुनसुकै चिजलाई पनि नष्ट गर्न सक्ने क्षमता हुन्छ । रुख, टावर, अग्ला ठाउँहरूमा चट्याङ बढी पर्छ र यसलाई सजिलो बाटो दिनुपर्छ । सामान्यरूपमा कम्तीमा आठ एमएम रड कुनै भवनको छतको माथि ठड्याई त्यसलाई जमिनसम्म जोडेर राख्ने हो भने पनि घरलाई जोगाउन सकिने डा शर्मा बताउनुहुन्छ ।

प्राकृतिक प्रकोप भएकाले चट्याङ रोक्न सकिँदैन तर त्यसबाट बच्ने उपाए भने खोज्न सकिन्छ । घर बाहिर भएमा वर्षातको बेलामा होचो स्थानमा बस्ने, पानी, खोला, रुख, पोखरीमा नबस्ने, विद्युत् लाइन, कम्प्युटर बन्द गर्ने गर्नुपर्छ । चट्याङ पर्दा खुला ठाउँमा टाउको र खुट्टा जोडेर बस्नु उत्तम हुन्छ । पानीमा काम गर्न र पौडी खेल्न पनि हुँदैन ।

सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्नुपर्छ । पानी परेको वा गर्जिएको बेला घर बाहिर ननिस्किनु उत्तम हुन्छ । ठूला रुख, विजुलीका तार, पोल तथा ट्रान्समिटरको तल बस्नु हुदैन । विजुलीको राम्रोसँग अर्थिङ गर्नुपर्छ ।

# सलह जम्मा गरेर ल्याए किलोको रु २०

बुटवल, १४ असार (रासस) ।

रुपन्देही क्षेत्रमा शनिबार बिहानैदेखि ठूलो समूहमा देखिएको कीरा सलह भएको पुष्टि भएको छ । रुपन्देहीको बुटवल क्षेत्रमा शनिबार बिहानदेखि ठूलो समूहमा देखा परेको कीरा कीटविज्ञले गरेको अध्ययनबाट सलह नै भएको पुष्टि भएको प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव तेजबहादुर सुवेदीले जानकारी दिनुभयो ।

रुपन्देहीको भैरहवास्थित गहुँबाली विकास कार्यक्रमका कीटविज्ञ र प्रदेश कृषि निर्देशनालयका कीटविज्ञको टोलीले संयुक्त रूपमा अध्ययनअनुसन्धान गरेको थियो । बुटवलका विभिन्न क्षेत्रका आकाशमा लाखौँ देखिएको सलह कीरा अहिले बुटवलदेखि उत्तरपश्चिमतर्फ लागेको उहाँले जानकारी दिनुभयो । “यो सलह कीरा नै हो, यसले एक दिनमा आफ्नो तौल बराबरको हरियो बाली खाएर नोक्सान गर्छ”, सचिव सुवेदीले भन्नुभयो, “ठूलो सङ्ख्यामा आएको सलह कीरा बालीनालीमा बस्यो भने एकै रातमा पूरै सखाप पार्छ ।”

बुटवल क्षेत्रमा सलह देखिएपछि शनिबार नै प्रदेश सरकार विपद् समितिको आन्तरिक मामिला तथा कानून मन्त्रालयमा बसेको बैठकले यसबाट किसानको बालीनाली नोक्सान हुनबाट बचाउन विभिन्न उपाय अपनाउने निर्णय गरेको छ । भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री आरती पौडेलले सलहको नियन्त्रणका लागि सरकारले विभिन्न उपाय अबलम्बन गर्ने र क्षति न्यूनीकरणका प्रयास गर्ने जानकारी दिनुभयो । उहाँले अहिले धान रोप्नका लागि बीउ तयार भएका अवस्थामा सलहले नोक्सान गर्ने सम्भावना रहेकाले बीउ जोगाउने उपाय अबलम्बन गर्न आग्रह गर्नुभयो ।

सलह जम्मा गरेर माछा, कुखुरा र बङ्गुरको दानाका लागि प्रयोग गर्न सकिने विज्ञले बताएका छन् । भूमि व्यवस्था मन्त्रालयले किसानले सलह जम्मा गरेर स्थानीय तहमार्फत वडा कार्यालयमा ल्याएमा प्रतिकिला रु २० का दरले नगद उपलब्ध गराइने निर्णय गरेको मन्त्रालयका सचिव सुवेदीले जानकारी दिनुभयो । मन्त्रालयले सलह नियन्त्रण गर्न मालाथिन वा क्लोरपाइरिफोस नामका विषादी प्रतिलिटर २ एमएल राखेर छर्कन सल्लाह दिएको छ ।

प्रदेश कृषि निर्देशनालयका निर्देशक यामनारायण देवकोटाले सलहको जन्म मरुभूमिमा हुने र लगातार वर्षामा उड्न नसक्ने अध्ययनबाट देखिएको तर नेपालमा कसरी आयो भन्ने यकिन गर्न नसकिएको बताउनुभयो । मन्त्रालयका सूचना अधिकारी विनोद ज्ञवालीले यो कीरा नेपालमा भारततर्फबाट आएको अनुमान गर्नुभयो । जल तथा मौसम विभागले सलह आफ्नो बाटो भारत पश्चिम बंगालतिर जाने अनुमान गरेको छ । शनिबार बिहान यस क्षेत्रमा प्रवेश गरेको सलह उत्तरपश्चिमतर्फ

बाँकी तीन पृष्ठमा

# नक्शा जारी गर्दा सरकार फेरिने हाम्रो कमजोर राष्ट्रियता होइन : प्रम

काठमाडौँ, १४ असार (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो अतिक्रमित भूमि समेटेर नक्शा छापेवापत मुलुकको सरकार परिवर्तन हुने विगतको जस्तो कमजोर राष्ट्रियताको स्थिति अहिले नरहेको स्पष्ट गर्नुभएको छ । जननेता मदनकुमार भण्डारीको ६९ औँ जन्मजयन्तीका अवसरमा मदन भण्डारी फाउण्डेशनले आइतबार आयोजना गरेको ‘जनताको बहुदलीय जनवाद (जबज)को प्रकाशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र’ विषयको कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्षसमेत रहनुभएका ओलीले प्रधानमन्त्री फेरिन्छ भनेर कसैले हतारो गर्न वा कुनै आग्रह राख्न आवश्यक नभएको स्पष्ट गर्नुभयो ।

प्रधानमन्त्री ओलीले भन्नुभयो, “नेपालको राष्ट्रियता यति कमजोर छैन । नक्शा छापेका कारण सरकार परिवर्तन हुन्छ भन्ने हिजोको भ्रम अहिले पाल्नु पर्दैन । अहिले म हट्ने हो भने राष्ट्रियताका लागि यसरी बोल्न सक्ने आँट कसैले गर्दैन । म आजका लागि मात्र होइन, भोलिका लागि पनि हो । जननेता भण्डारीको विचारबाट निर्देशित हाम्रो पार्टी र संसदीय दल यति कुरा नबुझ्ने खालको छैन । हामीले कुनै भूलचुकमा नक्शा छापेका होइनौँ । हामी यसबाट पछाडि हट्दैनौँ । हाम्रो भूमि फिर्ता लिएर छाड्छौँ । विगत २०४ वर्षदेखि हाम्रो रहेको र ५८ वर्ष मिचिएको हाम्रो भूमि फिर्ता लिन गाह्रो छैन । अन्तिममा सत्यको विजय हुनेछ ।”

प्रधानमन्त्री ओलीले अघिल्लो पटक आफू प्रधानमन्त्री हुँदा चीनसँग व्यापार तथा पारवहन सम्झौता गरेर फर्केपछि आफ्नो बहुमत नभएकाले सरकार ढलेको तर अहिले बहुमत रहेको जनाउँदै एउटै मुलुकवेष्टित (भारतवेष्टित) रहेको पारवहनलाई दुवै छिमेकीवेष्टित बनाएर नाकाबन्दीका समयमा पनि नेपालले दृढतापूर्वक सामना गरेको स्मरण गर्नुभयो । “नेपाल दुई ढुङ्गाबीचको निरीह तरुल होइन । हाम्रो गौरवपूर्ण इतिहास भएको, गतिशील वर्तमान र महान् सम्भावना बोकेको स्वतन्त्र सार्वभौमसत्तासम्पन्न राष्ट्र हो । इतिहासमा यो कुनै राष्ट्रको अधीनस्थ थिएन ।” उहाँले भन्नुभयो, “हामी दुवै छिमेकीबाट चलायमानरूपमा पारवहन सुविधा लिन सक्छौँ । हामीले चीनसँग त्यस प्रकारको सम्झौता गरेर नेपाललाई नयाँ उचाइमा लगेका छौँ ।”

उहाँले हाल कोरोना भाइरसको अस्थायी संकट परे पनि सुन्दर नेपालले आफ्ना मुर्छित सपना ब्युँझ्याएर जनतामा आत्मविश्वास जगाइसकेकाले आफ्नाबारेमा विरोध र आलोचना गर्दा भनाइ र गराइलाई तुलना गरेर वस्तुगतरूपमा गरिदिन पनि आग्रह गर्नुभयो । “हुन त विरोधीहरूले मार्क्स र भण्डारीको पनि विरोध गर्थे । मेरो पनि गरेका छन् तर म शासन गर्न राजनीतिमा लागेको होइन । जनता र देशको सेवा गर्न लागेको हुँ । म मेरा साथीहरूलाई मलाई नजीकैबाट हेरेर ममा कुनै दाग, धब्बा र छिटाहरू भए आलोचना गरिदिन आग्रह गर्छु ।”

जबज मार्क्सवादमा आधारित गतिशील र नेपालको एक्काइसौँ शताब्दीलाई अत्याधिक प्रभावित पार्न सक्ने विचार भएको जनाउँदै प्रधानमन्त्री ओलीले जननेता भण्डारीले २०४८ सालमै संसद्मा मिचिएको कालापानीलगायत भूमि नेपालको भएको सुपष्ट विचार व्यक्त गर्नुभएको स्मरण गर्नुभयो । प्रधानमन्त्री ओलीले

विचार,वक्तृत्वकला, शैली र अनेक प्रतिभाका कारण जननेता भण्डारी नेपाली राजनीतिमा एक्काइसौँ शताब्दीका नायक भएको उल्लेख गर्दै त्यही विचारका जगमा अहिले आफूहरूले सामाजिक न्यायसहितको ‘समृद्ध नेपाल, सुखी नेपाली’ को राष्ट्रिय आकाङ्क्षा अघि सारेको बताउनुभयो ।

---

## *सलह जम्मा ...*

लागेकाले गुल्मी अर्घाखाँचीतर्फ क्षति पुर्‍याउने सम्भावना रहेको उहाँले बताउनुभयो ।

मौसम विभागले आइतबार र सोमबार पश्चिमतर्फ लाग्न सक्ने भएकाले त्यस क्षेत्रमा यसले क्षति पुर्‍याउन सक्ने अनुमान गरेको छ ।

**पाल्पाली चिन्तित**

पाल्पा-बुटवलबाट उत्तरपश्चिम उडेको सलह पाल्पामा देखिएको छ । रुपन्देही जिल्लाको बुटबल हुँदै पाल्पाका दोभान, सराई र पोखराथोक क्षेत्रमा देखिएको हो । कृषि ज्ञान केन्द्र पाल्पाका प्रमुख शिवप्रसाद अर्यालले पाल्पामा सलह देखिएकाले अन्नबाली जोगाउन भाँडा बजाउन र आगो बालेर धुवाँ बनाउन अनुरोध गर्नुभयो ।

जिल्लाका आर्यभञ्ज्याङ, राम्दी क्षेत्रलगायतका किसान सलहबाट उत्पादित खेती नष्ट हुने भएपछि चिन्तित बनेका छन् । तानसेन नगरपालिका तथा बगनासकाली र रिब्दीकोट गाउँपालिकाले सामाजिक सञ्जालको प्रयोग गरी किसानलाई स्थानीय स्रोतसाधनको प्रयोग गरी सलह भगाउन अनुरोध गरेका छन् ।

---

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

---

# विश्व समाचार

## भारतमा मृत्युदर तीन प्रतिशत निको हुने दर ५८ प्रतिशत : स्वास्थ्यमन्त्री

नयाँ दिल्ली, १४ असार (रासस-एएनआई) ।

भारतका स्वास्थ्य मन्त्री हर्षवर्धनले भारतका कोभिड १९ का सङ्क्रमितहरुमा निको हुने प्रतिशत ५८ रहेको जानकारी दिनुभएको छ । उहाँले भन्नुभएको छ- यहाँका कोभिड १९ का सङ्क्रमितहरुमध्ये ५८ प्रतिशतलाई निको भएको छ । भारतमा शनिबारसम्ममा कम्तीमा पनि पाँच लाखलाई कोभिड १९ को सङ्क्रमण भएको र तीमध्ये कम्तीमा पनि तीन लाख मानिस निको भएर घर फर्किएका छन् । उहाँका अनुसार शनिबारसम्ममा यहाँका करिब तीन लाख सङ्क्रमितलाई निको भएको छ । अरु पनि धेरै जना यसबाट निको भएका र घरजाने अन्तिम तयारीमा रहेका जानकारी पनि उहाँले दिनुभयो । भारतका विभिन्न आठ राज्यका ती नागरिक निको भएर घर फर्किएका छन् । त्यसैगरी भारतमा निधन भएकाहरुमा ८७ प्रतिशत जति तिनै राज्यका नागरिक रहेका पनि उहाँले बताउनुभयो । त्यसैगरी उहाँले भारतमा सङ्क्रमितहरुको मृत्यु दर तीन प्रतिशत मात्र रहेको बताउनुभएको छ । उहाँले यहाँ मृत्यु दर जम्मा तीन प्रतिशत छ र यो निकै नै कम हो उहाँले भन्नुभएको थियो ।

यहाँ पहिलेको तुलनामा दोब्बर हुने दर पनि बढेको उहाँले बताउनुभयो । उहाँले १९ दिनमा यहाँका सङ्क्रमितको संख्या दोब्बर हुने गरेको जानकारी पनि दिनुभएको समाचारमा जनाइएको छ । यहाँ कोरोना सङ्क्रमणको परीक्षण गर्ने संख्या पनि बढेको जानकारी उहाँले दिनुभयो । यहाँका १ हजार २० प्रयोगशालामा शुक्रबार मात्र २ लाख ३० हजार जनाको परीक्षण गरिएको उहाँले जानकारी दिनुभयो । उहाँले धेरै भन्दा धेरै जनाको कोरोना परीक्षणको व्यवस्था सरकारले मिलाएको जानकारी पनि गराउनुभयो । भारतमा शनिबारसम्म कोरोना सङ्क्रमणबाट पाँच लाखभन्दा बढी मानिस सङ्क्रमित भएका छन् । त्यसैगरी सो सङ्क्रमणबाट १५ हजार जना भन्दा बढीको ज्यान गएको छ ।

यहाँ गएको २४ घन्टायतामात्र १८ हजार भन्दा बढी नागरिक सङ्क्रमित भएको भेटिएका छन् । यो एकै दिन सङ्क्रमित भएकाहरुमा सबैभन्दा बढी संख्या हो । यहाँ गएका केही दिनयतादेखि हरेक दिन कम्तीमा पनि १४ हजार जना सङ्क्रमित हुने गरेका छन् । पछिल्लो समयमा यहाँ थपिएका विरामीहरुका कारण भारतको अवस्था भयावह हुने देखिएको पनि बताइएको छ । स्वास्थ्य मन्त्री हर्षवर्धनले शनिबार कोरोना भाइरसको उपचारका लागि समन्वय गर्नुपर्ने भन्दै भारतका केन्द्रीय सरकार मन्त्रीहरुसँग भर्चुअल बैठक गर्नुभएको थियो । त्यसक्रममा उहाँले भारत सरकारले सङ्क्रमणको नियन्त्रणका लागि सक्दो प्रयासहरु गरिरहेको बताउनुभएको समाचारमा जनाइएको छ ।

## दिल्लीका विद्यालय अझै एक महिना बन्द रहने

नयाँदिल्ली, १४ असार (रासस/एएनआई) ।

भारतको दिल्ली राज्यका विद्यालयहरु कम्तीमा अझै एक महिना बन्द नै रहने भएका छन् । राज्यका उप मुख्यमन्त्री मनिष सिसोडियाले आगामी जुलाई ३१ तारिखसम्म राज्यभरीका विद्यालयहरु बन्द नै रहने निर्णय भएको जानकारी दिनुभयो । लामो समयदेखि बन्द रहेका विद्यालयहरु कोरोनाभाइरसको त्रासका कारण अझै पनि सूचारु गर्ने अवस्था नरहेको उहाँको भनाई छ । दिल्ली राज्यको शिक्षा मन्त्रालयको जिम्मेबारी समेत लिनु भएका उप मुख्यमन्त्री सिसोडियाले सरोकारवाला उच्च सरकारी अधिकारीहरुसँगको बैठकले पनि तत्काल विद्यालयहरु खोल्ने अवस्था नरहेको ठहर गरेको जानकारी दिनुभयो ।

बैठकमा लकडाउन र कोरोनाभाइरसको अवस्थासँगै शैक्षिक क्रियाकलापलाई कसरी अगाडी बढाउने भन्ने बारेमा छलफल भएको थियो । विभिन्न योजनाहरु र तथ्य तथा तथ्यांकहरुमाथी एक एक गरेर बैठकमा छलफल गरेर विद्यालय बन्द रहने निर्णयलाई आगामी जुलाई ३१ सम्म कायमै राख्ने निर्णय भएको उप मुख्यमन्त्रीको कार्यालयद्धारा जारी वक्तव्यमा उल्लेख गरिएको छ । प्रदेश मन्त्रालयको तर्फबाट उहाँले केन्द्रिय मानव श्रोत विकास मन्त्री रमेश पोखियाललाई यसअघि नै यस विषयमा पत्राचार गरिसक्नु भएको थियो । उहाँले विद्यालयहरुका लागि नयाँ नियम ल्याउन सुझाव पनि दिनुभएको छ ।

उहाँले जिल्लागत रुपमा सरकारी तथा नीजि विद्यालयका शिक्षक तथा प्राध्यानाध्यापक, विद्यार्थी, अविभावकलगायतसँग गरिएको सर्वेक्षणका आधारमा विभिन्न निष्कर्षहरु निकालिएको र ती सवै विषय केन्द्रिय सरकारलाई पठाइएको बताउनुभयो । सर्वेक्षणबाट विद्यार्थीहरुको पढाई र विद्यालय पुनः सञ्चालन बारे फरक फरक प्रकारका सुझाव तथा उपायहरु संकलन भएको वक्तव्यमा लेखिएको छ । उनीहरुले प्राथमिक तहको पढाई सञ्चालन गर्दा हप्तामा एक वा दुई दिन मात्रै गर्न र प्रत्येक कोठामा १२ देखि १५ जना मात्रै विद्यार्थीहरु राख्न उपयुक्त हुने सुझाव दिएका छन् । त्यसैगरी कक्षा ३ देखि ५ सम्मका विद्यार्थीका लागि एक एक दिन विराएर पालै पालो कक्षा सञ्चालन गर्न अर्को सुझाव आएको पनि वक्तव्यमा उल्लेख गरिएको छ ।

विद्यालयमा जाने व्यवस्था गर्दा पर्याप्त सेनिटाइजरको व्यवस्था गर्नु पर्ने, विद्यार्थीलाई मास्क वितरण गर्नु पर्ने, विद्यालयको प्रवेशद्धारमा हरेक दिन हरेक विद्यार्थीको ज्वरो नाप्नु पर्नेलगायतका आधारभूत स्वास्थ्य सतर्कता अप्नाउनु पर्ने उनीहरुको सुझाव छ । संभव भएसम्म अनलाईन अध्ययन अध्यापन कार्यलाई निरन्तरता दिनु पर्ने कुरामा अधिकांशको जोड रहेको छ । कक्षा ६ देखि ८ सम्मका विद्यार्थीलाई हप्तामा एक वा दुई वा तीन दिन मात्रै र कक्षा ९ र १० का विद्यार्थीहरुलाई सानो सानो समूह बनाएर हप्तामा एक वा दुई दिन मात्रै अध्यापन गराउन पनि शिक्षा मन्त्रालयलाई सुझाव आएको छ ।

कतिपयले कक्षा १० का विद्यार्थीहरुलाई उच्च सतर्कता अप्नाउन लगाएर सामाजिक दुरी कायम गर्दै दैनिक पढाउन पनि सकिने तर अनलाईन अध्यापनलाई भने निरन्तरता नै दिनु पर्नेमा विषेश जोड दिएका छन् । सुझाव दिनेहरुले कक्षा ११ र १२ को अध्ययन अध्यापन कार्य एक एक दिन विराएर गर्न सकिने वा अनलाईनबाट हुने अध्यापन कार्यलाई थप प्रभावकारी बनाउन सकिने सुझाव दिएका छन् । जसरी पढाए पनि दिनमा तीन वा चार घण्टा मात्रै पढाउनु उपयुक्त हुने अधिकांशको भनाई रहेको उप मुख्यमन्त्रीको कार्यालयद्धारा जारी वक्तव्यमा लेखिएको छ । भावी दिनमा प्रारम्भिक चरणमा विद्यालयहरु सूचारु गर्दा माथी उल्लेखित सुझावहरुलाई मध्यनजर गरेर गर्न आफुहरुले पनि केन्द्रिय सरकारलाई सिफारिस गरेको उप मुख्यमन्त्री सिसोडियाले बताउनुभयो ।

# विद्यालयमा क्वारेन्टिन : विद्यार्थीलाई मनोवैज्ञानिक असर पर्न सक्ने

काठमाडौँ, १४ असार (रासस) । कोरोना भाइरस रोकथामका लागि सामुदायिक विद्यालयलाई लामो समय क्वारेन्टिन बनाइँदा विद्यालय र बालबालिका शान्ति क्षेत्रको अवधारणामा प्रतिकूल असर पर्ने जनाइएको छ ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ नेपालले आइतबार आयोजना गरेको भर्चुअल संवादमा विद्यालय खुल्नुपर्ने समय आउँदा शिक्षक र विद्यार्थीमा मनोविज्ञानमा प्रतिकूल असर पर्ने भएकाले विद्यालयभन्दा अन्य स्थानमा क्वारेन्टिन राख्न सुझाव दिइएको हो ।

हाल करीब २८ हजार सामुदायिक विद्यालयमध्ये चार हजार पाँच सयमा क्वारेन्टिन र ६४ मा आइसोलेशन कक्ष बनाइएको छ । कतिपय विद्यालयमा व्यवस्थापन समिति र प्रधानाध्यापकलाई समेत थाहा नदिई स्थानीय पालिकाले आफूखुशी तथा जबर्जस्ती विद्यालयलाई क्वारेन्टिन बनाइएकामा चिन्ता व्यक्त गरिएको हो ।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) का अध्यक्ष नरेन्द्र डङ्गोल सरकारले विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ को विपरीत विद्यालयमा यस प्रकारको बोझ थप्न नहुने बताउनुभयो । बालअधिकारकर्मी कृष्ण सुवेदीले विद्यालयको विकल्प खोजेर होटलहरूलाई क्वारेन्टिन बनाइएको भए बस्नेहरूलाई पनि सुविधा पुग्ने उल्लेख गर्नुभयो ।

विपद्विज्ञ श्याम ज्ञवालीले सुरक्षित विद्यालयको अवधारणाबाट विद्यालयलाई क्वारेन्टिन बनाइनु गलत भएकाले यसबाट चौतर्फी रूपमा असर परेको उल्लेख गर्नुभयो ।

महासङ्घका अध्यक्ष कृष्ण थापाले आफूहरूले विद्यालयमा क्वारेन्टिन नराख्न सुरुदेखि आग्रह गरेको र हाल निरन्तर विद्यालयमा क्वारेन्टिन बढ्न थाले पनि थप चिन्ता जाहेर गरिएको जनाउनुभयो ।

## पार्कमा हरियाली ...

गुप्तबहादुर कुँवर, क्याम्पस प्रमुख डा. सर्वेशचन्द्र मिश्र, प्रहरी उपरिक्षक कृष्ण प्रसाई लगायतको पनि सहभागिता रहेको थियो ।

यता न्युन वन क्षेत्र रहेको सप्तरीमा वन क्षेत्रको बिस्तारका लागि ५० हजार बिरुवा निःशुल्क बितरण कार्यक्रमलाई अन्तिम चरणमा पुऱ्याएको छ ।




# चरित्र हत्या गर्ने प्रयास भयो : नेता भिमराज यादव

**दैनिक समाचारदाता**
**राजविराज, १४ असार ।**

जनता समाजवादी पार्टीका नेता एवं निर्माण व्यवसायी भिमराज यादवले पत्रकारिताको आडमा आफूलाई सप्तरीका एक पत्रकारले बार्गेनिङ गर्न खोजेको आरोप लगाएका छन् ।

आइतबार बिहान आफ्नै निवासमा पत्रकार सम्मेलनको आयोजना गरि पत्रकारको नाममा बार्गेनिङ गर्ने माउण्टेन टेलिभिजनका संवाददाता दिवाकर साहलाई महत्व नदिँदा मिडियाको प्रयोग गरि चरित्र हत्या गर्ने प्रयास भएको उनको दाबी छ ।

उनलाई पत्रकार साहले पटक पटक पैसा मागेर हैरान बनाएको र नदिँदा आफूद्वारा भइरहेको निर्माण कार्यसँग जोडेर झुठा समाचार सम्प्रेशन गरेको दाबी गरे ।

पत्रकार सम्मेलनमा उनले आफूमाथी लगाइएको आरोपको सत्यतथ्य छानबिन गर्न माँग समेत गरेका छन् । राजविराज वडा नं. ९ मलेठस्थित सहिद गेट निर्माण कार्य जारि नै रहेको अवस्थामा ४८ लाख रुँपैयामा बनेको भन्दै समाचार सम्प्रेशन गर्नु पत्रकारिता ऐन र नियमले मिल्छ ? उनले प्रश्न गरे ।

फोन मार्फत पटक पटक तर्साउन थालेपछि आवेशमा आएर आफुले अपशब्द प्रयोग गरेको स्वीकार्दै उनले परिस्थीतवस



त्यस्तो अभिव्यक्ति दिन पुगेको बताए । उनले पत्रकारको खोल ओढेर बार्गेनिङ गर्नेले पनि गल्ति स्वीकार गरि सच्चिनु पर्ने बताए ।

यता आरोपित पत्रकारले भने आफूले यादवसँग समाचार वापत धम्क्याएर कुनै आर्थिक लेनदेनको कुरा नगरेको दाबी गरेका छन् ।

# प्रदेश नं २ का विभिन्न जिल्लामा सलह कीरा प्रवेशबारे अध्ययन शुरु

जनकपुरधाम, १४ असार (रासस) । प्रदेश नं २ का विभिन्न जिल्लामा सलह कीरा देखिएको सन्दर्भमा प्रदेशका कृषि वैज्ञानिकहरूले अध्ययन शुरु गर्नुभएको छ ।

भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादवका अनुसार प्रादेशिक कृषि निर्देशनालयका निर्देशक रतनकुमार झाको नेतृत्वमा कृषि वैज्ञानिकको टोलीले कीरा प्रवेशका सन्दर्भमा अध्ययन शुरू गर्नुभएको हो ।

कृषि वैज्ञानिकहरू सर्लाही जिल्लाको तेलबाली अनुसन्धान केन्द्रमा बसी अध्ययन गरिरहनुभएको जनाइएको छ । राज्यमन्त्री यादवले प्रदेशका विभिन्न जिल्लामा बथानमा देखिएको कीरा सलह नै भएको पुष्टि भएकाले यसबारे गहन अध्ययन र निरूपणबारे कृषि वैज्ञानिकहरूले कार्य प्रारम्भ गर्नुभएको बताउनुभयो ।

वैज्ञानिकहरूले कीराको प्रवेश नाका, सङ्ख्या र नियन्त्रणका आधार पहिल्याउनेबारे अनुसन्धानसमेत शुरु गर्नुभएको बताइएको छ ।



नेबि संघ र तरूण दल सप्तरीले आईतवार पनि नागरिकता विधेयक बिरुद्ध प्रदर्शनलाई निरन्तरता दिँदै : बैबाहिक अंगिकृत नागरिकताको सात वर्षे प्रावधान खारेज गर, महिलासँगको विभेद अन्त्य गर, बेटीरोटीको सम्बन्ध बिगार्न पाइदैन्, मधेशीमाथीको अत्याचार बन्द गर लगायतका नारासहितको प्ले कार्ड लिएर राजबिराजको विभिन्न ठाउमा प्रदर्शन गर्दै । *तस्बिर : राजविराज दैनिक*

"सुखी नेपाली सम्वृद्ध नेपालः लैङ्गिक हिंसा मुक्त समाज ।"
"अबको गन्तव्यः लैङ्गिक हिंसा अन्त्य ।"
"तीन तहको सरकारः लैङ्गिक हिंसा अन्त्य सबैको सरोकार ।"
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*